नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

टेलिफोन नं. ०११-६६१४५५
फ्याक्स नं. ०११-६६२०७८
धुलिखेल, काभ्रेपलान्चोक

## जुनियर नापी तालीम ६०औं ब्याच (खुला) समूहको दरखास्त आव्हान सम्बन्धी सूचना।

यस केन्द्रको आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नुपर्ने एक वर्ष अवधिको जुनियर नापी तालीम (खुला) मा खुला प्रतिस्पर्धाका आधारमा प्रशिक्षार्थीहरू छनौट गर्नुपर्ने भएकाले देहायको योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदन आव्हान गरिएको छ ।

**खुला तर्फ आवश्यक प्रशिक्षार्थी सख्याः २४ जना**

क. खुला तर्फः- १४ जना (प्रत्येक प्रदेशबाट दुई जनाका दरले १४ जना)

ख. समावेशी तर्फः- १० जना (सबै प्रदेशका लागि एकमुस्ट महिला -४ जना , आदिबासी जनजाति-२ जना, मधेशी -२ जना, दलित-१ जना र पिछडिएको क्षेत्र १ जना)

१. उम्मेदवारको लागि आवश्यक शैक्षिक योग्यता

क. गणित सहित विज्ञान विषयमा १०+२ उत्तीर्ण वा सो सरह उत्तीर्ण गरेको,

ख. आवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा गरी २४ वर्ष ननाघेको,

ग. १०+२ विज्ञान विषयको शैक्षिक कार्यक्रममा २०० पुर्णङ्कको गणित विषय सहित विज्ञान र गणितमा कम्तिमा ५०% अंक प्राप्त गरि समग्रमा ५०% अंक प्राप्त गरेको,

घ. हालको ग्रेडिङ प्रणालीमा विज्ञान र गणितमा कम्तिमा C+ प्राप्त गरी समग्रमा C+ प्राप्त गरेको,

ङ. कक्षा १२ को अन्तिम परीक्षाको परीक्षाफल प्रकाशित नभैसकेका विद्यार्थीहरुले समेत परीक्षाफल प्रकाशित भएपछि (घ) बमोजिम शर्त पूरा हुने गरी आवेदन दिन सक्नेछन्।(घ) बमोजिम शर्त पूरा नभएमा आवेदन अस्वीकृत हुनेछ।

२. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख. गणित सहित विज्ञान विषयमा १०+२ उत्तीर्ण वा सो सरहको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. नेपाल बाहिरबाट अध्ययन गरि शैक्षिक योग्यता प्राप्त गर्नेको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,

घ. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो,

ङ. समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(१) आदिवासी जनजातिका हकमाः नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(२) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(३) मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(४) पिछडिएको क्षेत्रका हकमाः निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

३. दरखास्त बुझाउने प्रक्रिया : यस केन्द्रमा वा केन्द्रको वेबसाइट www.lmtc.gov.np मा दिइएको लिङ्क मार्फत दरखास्त बुझाउन सकिनेछ।

४. दरखास्त तथा परीक्षा दस्तुर : खुला समूहका लागि रु ४००।-(अक्षेरेपि रु चार सय) र समावेशी समूह तर्फको लागी रु २००।- (अक्षेरेपि दुई सय) थप दस्तुर लाग्नेछ।

५. दरखास्त आइपुग्नु पर्ने अन्तिम मिति : मिति २०८१/०४/२५ गते भित्र।सो पछि ७ दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ। अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा दरखास्त बुझाउन सकिनेछ।

६. आवश्यक न्युनतम योग्यता लगायत अन्य कागजातहरु वा प्रमाण नपुगेको देखिएमा केन्द्रले जुनसुकै बखत दरखास्त रद्द गर्न सक्नेछ।

७. तोकिएको मिति भन्दा पछि प्राप्त भएका कुनै दरखास्त उपर कारवाही हुने छैन।

८. यस केन्द्रबाट दरखास्त फारम स्वीकृत भएपछि प्रवेश पत्र प्रदान गरिनेछ।

९. प्रशिक्षार्थी छनौट प्रकृया: विद्युतीय माध्यमबाट लिखित परिक्षा सञ्चालन हुनेछ।

१०. परीक्षा मिति तथा परीक्षा केन्द्र : लिखित परिक्षा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा वा केन्द्रले तोकेको स्थानमा मिति २०८१/०५/०८ गते शनिबार हुनेछ।

११. अन्य अवश्यक कुरा बुझ्नु परेमा भुमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेको फोन न. ०११-४१५०५५ मा सम्पर्क गर्न वा कार्यालयमै सम्पर्क राख्न वा केन्द्रको वेबसाइट www.lmtc.gov.np वाट समेत जानकारी प्राप्त गर्न सकिनेछ।

१२. लिखित परीक्षाको योग्यताक्रमका आधारमा गरिने छनौटको अन्तिम नतिजा केन्द्रको वेभसाइट र सूचनापाटी मार्फत प्रकाशन गरिनेछ ।

१३. आवेदन फाराम दस्तुर बुझाउने बैंक सम्बन्धी विवरण भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको नाममा राष्ट्रिय बाणिज्य बैंक, धुलिखेल शाखा (कार्यालय कोड ३३६०४२६०१ बैंक खाता नं १०००२०००१०००० राजश्व शीर्षक नं १४२२४ (परीक्षा दस्तुर) मा रहेको खातामा जम्मा हुने गरी जुनसुकै स्थानको राष्ट्रिय वाणिज्य बैंकबाट परीक्षा दस्तुर बुझाउन सकिनेछ। दस्तुर बुझाएको सक्कल भौचर आवेदन फारामको साथ पेश गर्नु पर्नेछ ।